अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	गज बहादुर रावत, सन्तोष धामी, यज्ञश्वर पाण्डे, सुरत बहादुर रेश्मी (मुद्दा नं.०७८-CR-००७०) **फैसला मिति** २०८०।११।१०	झुठा बिल पेस गरी भ्रष्टाचार गरेको ।	**आयोगको माग दावी** प्रतिवादीहरु गज बहादुर रावत, सन्तोष धामी, यज्ञश्वर पाण्डे, सुरत बहादुर रेश्मी उपर भ्रष्ट्राचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूरमा बिगो रु.८,००,०००।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी हिनामिना गरेको रकम समेत निज प्रतिवादीहरुबाट असुल उपर हुन मागदावी गरिएको । **अदालतको फैसला** • यी प्रतिवादिहरुले आरोपदावीको कसूरबाट सफाई पाउने ठहर गरी बिशेष अदालतबाट फैसला भएको देखिन्छ ।	• प्रतिवादीहरुले आरोपदावीको कसूर गरेकोमा ईन्कारी वयान गरेको देखिएको, • उक्त EPI Clinic को लागि नेपालगन्ज स्थित युनाईटेड ड्रग्स सेन्टर प्रा.लि. बाट औषधी खरिद गरिएको र उक्त ड्रग्स सेन्टरका सञ्चालक राम बहादुर पुलामी मगरले वकपत्र गर्दा बिल बमोजिमको कारोबार भएको हो, रकम नगदै बुझिलिई भर्पाई गरिदिएको हो भनि तथा उक्त औषधी ढुवानीको लागि खच्चरको भाडा स्वरुप रु.८०,०००।–लिई भर्पाई गरेको हुँ भनी धर्मसिंह कार्कीले वकपत्र गरेको देखिएकोले आरोप दावी पुग्न सकेन।	• प्रस्तुत मुद्दामा, सर्केगाड गाउँपालिका ३ नं. वडा कार्यालय उनापानीले आ.व.२०७४/०७५ मा EPI Clinic को लागि औषधी खरिद तथा ढुवानीका लागि रु.८,००,०००।- विनियोजन गरी कोटेसनका आधारमा United Drugs Center pvt. Ltd. सुर्खेतरोड नेपालगन्जको Invoice No GASC०००३९७८, GASC०००५२७९ बाट मिति २०७४।१२।०५ मा रु.४,००,०७२।- र मिति २०७५।०३।१४ मा रु.१,९९,८९४।- गरी जम्मा रु.५,९९,९६६।- बराबरको औषधी खरिद तथा रु.२,००,०००।- ढुवानी खर्च समेत सर्केगाड गाउँपालिका ३ नं. वडा कार्यालयको सिफारिसको आधारमा गाउँपालिका स्वास्थ्य संयोजक श्री सन्तोष धामीको नाममा मिति २०७५।०३।२४ मा भुक्तानी गरेको भन्ने सर्केगाड गाउँपालिका कार्यपालिकाको कार्यालय सर्केगाड, हुम्लाको मिति २०७६।०२।०९ पत्रबाट देखिएको तथा उक्त खरिद गरेको औषधी देउराली कार्गो सेवा, राँझा एयरपोर्ट बाँके मार्फत हुम्ला सम्म लगिएको भनि उक्त कार्गो सेवाको बिल नं. ५९६ र उनापानी स्थित EPI Clinic सम्म खच्चडमा ढुवानी गरिएको भनि खच्चड सञ्चालक धर्मसिंह कार्कीलाई रु ८०,०००।– भुक्तानी दिएको भन्ने भरपाई कागजहरु उक्त रकम भुक्तानी लिँदा पेश गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ । • उक्त औषधी खरिद गरिएको भनिएको श्री युनाईटेड ड्रग्स सेण्टर प्रा.लि.का संचालक राम बहादुर पुलामी मगरले अनुसन्धानको क्रममा कागज गर्दा बिल नम्बर GASC०००३७९८, GASC०००५२७९ मा उल्लेखित पान नं. ३०१९६८६१२ युनाईटेड ड्रग्स सेण्टर प्रा.लि.को बिलहरुमा भएको दस्तखत मेरो तथा कामदार कर्मचारीको रुपमा राखेका व्यक्तिको हो तर बिल बमोजिमको रकम नगदै वा चेक मार्फत भुक्तानी लिएको होइन, कारोवार झुट्टा हो, उक्त औषधीहरु अर्डर गरी प्याकिङ समेत गर्न लगाएको र भोलि लिन आउँछु भनी पुनः सामान लिन नआएकोले जारी गरिएका बिलहरु रद्द गरी प्याकिङ समेत खोली यस प्रा.लि.को औषधी मौज्दात मिलाइ सकिएको भन्ने बेहोरा उल्लेख गरी अनुसन्धानको क्रममा कागज गरेको देखिएको, सोही बेहोराको उक्त युनाइटेड ड्रग्स सेण्टर प्रा.लि.को मिति २०७६।०३।०१ गतेको पत्रबाट देखिएको, उक्त युनाईटेड ड्रग्स सेन्टर प्रा.लि. बाट औषधी खरिद गरिएको भनी पेस गरेको बिल भेरिफिकेशन गर्दा ईनभ्वाईस नं. GASC०००३७९८ बाट रु.४,००,०७२।- को औषधी खरिद गरी रकम भुक्तानी भएको नदेखिएको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको स्थलगत प्रतिवेदनबाट देखिएको, औषधी ढुवानी गरिएको भनिएको देउराली कार्गो सेवा दर्ता रहेको अभिलेखबाट नदेखिएको भनि घरेलु तथा साना उद्योग कार्यालय नेपालगञ्ज, बाँकेको पत्रबाट तथा सो नामको कार्गो सेवा नै नरहेको भनि स्थानीय कार्गो सेवा सञ्चालक विजय कुमार यादवले अनुसन्धानको क्रममा कागज लेखाई दिएको तथा सोही बेहोराको वकपत्र समेत गरेको देखिएको, खच्चरबाट औषधी ढुवानी वपातमा रु.८०,०००।–वडा अध्यक्ष गज वहादुर रावतबाट बुझेको भनी पेस भएको भरपाईमा रहेको दस्तखत मेरो होइन, भर्पाईमा उल्लेख भएको कुनै रकम मैले वडा अध्यक्षबाट

					बुझिलिएको होइन र भर्पाई पनि गरेको होइन । मेरो कुनै खच्चर पनि छैन, त्यसैले खच्चरबाट सामान ढुवानी गरी रकम बुझेको कुरा गलत हो भनि धर्मसिंह कार्कीले अनुसन्धानको क्रममा गरेको कागज समेतका आधार प्रमाणहरुबाट उक्त औषधी खरिद नै नगरी औषधी खरिद गरी ढुवानी गरेको भन्ने बील भरपाईरु नक्कली बनाई सरकारी रकम हिनामिना गरी आरोप दावी बमोजिमको कसूर गरेको तथ्य मिसिल संलग्न उक्त तथ्य प्रमाणबाट निर्विवाद रुपमा पुष्टि भएकोमा निज राम बहादुर पुलामी र धर्मसिंह कार्कीले गरेको प्रतिकूल वकपत्रलाई मात्र आधार मानी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण छ । • यी प्रतिवादी सन्तोष धामीले अनुसन्धानको क्रममा वयान गर्दा, औषधी ढुवानी वापतमा रु.८०,०००।- वडा अध्यक्ष गज वहादुर रावतको खातामा जम्मा गरेको तथा बाँकी रकम चेक र नगद बाट भुक्तानी दिएको हुँ, औषधी खरिदको भुक्तानीमा संलग्न झुट्टा बिल भर्पाई निज वडा अध्यक्षको रोहवरमा आफूले बनाएको तथा यस विषयमा आफूसँग ज्ञान नभएकोले कार्यालय प्रमुख यज्ञश्वर पाण्डेसँग सल्लाह मागी सो अनुसार गरेको भनि प्रतिवादी सन्तोष धामीले बयान गरेको देखिएको, उक्त ढुवानी वापतको रकम लिएको होईन भनि अर्का प्रतिवादी गज वहादुर रावतले मौकाको वयानमा उल्लेख गरेको देखिएको समेतबाट यी प्रतिवादीहरुको वयान नै एक आपसमा बाझिई निज प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुँदा वदरभागी छ । • अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादीहरुले आरोप दावी बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टी भएको अवस्थामा यी प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिएकोले प्रस्तुत फैसला उपर सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्ने ।